# महावै राजपत्र


## महावै गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ६ संख्या ०४ मिति २०७९ असार २१ गते


## भाग २

### महावै गाउँ कार्यपालिकाको कार्यालय

महावै गाउँ सभाले बनाएका तल उल्लेखित ऐन कर्णाली प्रदेशको गाउँ सभा नगर सभाको कानून निर्माण प्रक्रिया सम्बन्धी ऐन २०७५ दफा २४ उपदफा (५) बमोजिम सर्वसाधारण जनताको जानकारीका लागि प्रकाशन गरिएको छः

**संवत २०७९ सालको कार्यविधि नं.४**

# महावै गाउँपालिका खानेपानी, सरसफाई तथा स्वच्छता व्यवस्थापन कार्याविधि २०७९

**प्रस्तावनाः**

नेपालका संविधानल आधारभूत स्तरको खानेपानी र सरसफाई सुविधालाई नागरिकको आधारभूत अधिकारको रुपमा प्रत्याभूत गरेको छ । हालका दिनमा सरसफाईको दायरा फराकिलो भइ प्रतिष्ठा, स्वास्थ्य, विकास निर्माण, जनजीविका, सामाजिक सशक्तिकरण र समृद्धिको आधारस्तम्भको रुपमा विस्तारित भई सरसफाईलाई राष्ट्रिय विकासको अभिन्न अंगको रुपमा लिन थालिएको छ । यस सन्दर्भमा पूर्ण सरसफाईलाई महत्व दिई कार्यक्रमहरु संचालन गर्न वाञ्चनीय भएकाले,

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को अधिकार प्रयोग गरी महावै गाउँपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद- १

### १ संक्षिप्त नाम र प्रारम्भः

क) यो कार्यविधिको नाम **"खानेपानी, सरसफाई तथा स्वच्छता व्यवस्थापन कार्यविधि, २०७९" रहेको छ ।**

**ख) यो कार्यविधि तुरुन्त लागू हुनेछ ।**

### २. परिभाषाः

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) **"सरसफाई"**भन्नाले मानव मलमुत्रको सुरक्षित बिसर्जनका लागि सेवा र सुविधाहरुको व्यवस्थालाई सरसफाई भनिन्छ । सरसफाईले फोहोरमैला संकलन र

फोहोर पानीको विसर्जन मार्फत स्वच्छता कायम गर्नुलाई बुझाउँदछ । जनस्वास्थ्य प्रवर्द्धनका लागि गरिएका विभिन्न स्वास्थकर क्रियाकलापहरुको समग्र कार्य नै सफाई हो भन्ने बुझाउने छ ।

ख) **“स्वच्छता”** भन्नाले आफु र वरिपरिको वातावरण सफा गरी रोगको विस्तार रोक्नु र बिरामी हुनबाट बच्न अपनाइने सम्पूर्ण व्यवहारहरु हुन् स्वच्छताले व्यक्ति र समुदायको स्वस्थ आनीबानी समेतलाई जनाउँछ ।

ग) **“सफा र स्वच्छ अवस्था”** भन्नाले सफा र स्वच्छ चरणका सूचकहरु पुरा गरेपछि सम्बन्धित समितिबाट अनुमोदन एवं प्रमाणीकरण भएका अवस्थालाई जनाउँछ

घ) **“पूर्ण सरसफाई उन्मुख अवस्था”** भन्नाले यस कार्यविधिमा उल्लेखित सफा र स्वच्छ, पूर्ण सरसफाई उन्मुख दुवै चरणका सूचकहरु पुरा गरेपछि सम्बन्धित समितिबाट अनुमोदन एवं प्रमाणीकरण भएको अवस्थालाई जनाउँछ ।

ङ) **“सार्वजनिक शौचालय”** भन्नाले सार्वजनिक स्थानमा हिंडडुल गर्ने जो कोही व्यक्तिले प्रयोग गर्न सक्ने प्रयोगकर्ता-मैत्री शौचालयलाई बुझाउँछ ।

च) **“संस्थागत शौचालय”** भन्नाले विद्यालय, कार्यालय, स्वास्थ्य संस्था जस्ता सार्वजनिक निकायहरुमा निमार्ण गरिएको प्रयोगकर्ता-मैत्री शौचालयलाई बुझाउँछ ।

छ) **“सामाजिक समावेशीकरण”** भन्नाले समुदायका सबै लिङ्ग, जात, जाति, वर्ग, धर्म, व्यवसाय र सबै क्षेत्रका

व्यक्तिको योजना तर्जुमा र निर्णय प्रक्रिया र सेवा सुविधामा पहुँच रहेका अवस्था बुझाउँछ ।

ज) **"विपद् व्यवस्थापन"** भन्नाले बाढी-पहिरो, आगलागी, भूकम्प, भू-क्षय र रोगव्याधि जन्य महामारी जस्ता प्राकृतिक एवं मानव सृजित विपद् सम्बन्धी पूर्व तयारी, उद्धार, पुर्नलाभ, पुनर्स्थापना र पुर्न:निर्माण व्यवस्थापनको समष्टिगत व्यवस्थालाई बुझाउँछ ।

झ) **"प्रयोगकर्ता-मैत्री खानेपानी, सरसफाई र स्वच्छताका सुविधाहरु"** भन्नाले शारीरिक रुपले असक्षम र अपाङ्गता भएका बालबालिका तथा जेष्ठ नागरिक आदि सबैलाई प्रयोग गर्न सजिलो हुने ।

ञ) **"बानी व्यवहार निकास"** भन्नाले शौचालयको प्रयोग, साबुन पानीले हात धुने, महिलाको महिनावारी व्यवस्थापन लगायत अन्य सरसफाई र स्वच्छता सम्बन्धी आनीबानीको निरन्तर प्रक्रियालाई बुझाउँछ ।

ट) **"दिगो सरसफाई"** भन्नाले स्वचलित र नियमति रुपमा संचालित सरसफाईलाई बुझाउँछ ।

ठ) **"सुरक्षित पानी"**भन्नाले मानव स्वास्थ्यलाई हानी गर्ने भौतिक, जैविक र रसायनिक पदार्थहरु नरहेको पानीलाई बुझाउँछ ।

ड) **"सरोकारवाला"** भन्नाले सरकारी, गैरसरकारी कार्यालय तथा निकाय, राजनितिक दल, विद्यालय, सहकारी, निजीक्षेत्र नागरिक समाज, सञ्चार क्षेत्र, उपभोक्ता समितिहरु लगायतका सरोकारवालाहरुलाई बुझाउँछ ।

## परिच्छेद- २

### ३. गाउँपालिका स्तरीय खानेपानी, सरसफाई तथा स्वच्छता समितिः

१) महावै गाउँपालिका स्तरीय खानेपानी, सरसफाई तथा स्वच्छता समितिको गठन देहाय बमोजिम हुनेछ :

क) गाउँपालिका अध्यक्ष
अध्यक्ष

ख) गाउँपालिका उपाध्यक्ष
सदस्य

ग) संयोजक, वन वातावरण तथा विपद् व्यवस्थापन समिति
सदस्य

घ) गाउँपालिका क्षेत्रभित्रका सुरक्षा निकाय प्रमुख वा प्रतिनिधिहरु सदस्य

ङ) खानेपानी उपभोक्ता समिति मध्येबाट समितिले तोकेको १ जना सदस्य

च) स्वास्थ्य र सरसफाई, फोहोरमैला व्यवस्थापनको क्षेत्रमा काम गर्ने गैरसरकारी संस्था सदस्य मध्ये बाट समितिले तोकेको
एक महिला र एक जना दलित सदस्य गरि २ जना
सदस्य

छ) प्रमुख प्रशासकीय अधिकृत
सदस्य

ज) प्रमुख, समाजिक विकास शाखा
सदस्य

झ) प्रमुख, पूर्वधार विकास शाखा
सदस्य

ञ) प्रमुख, खानेपानी तथा सरसफाई शाखा
सदस्य-सचिव

२) खुल्ला दिशा मुक्त क्षेत्र घोषणा र पूर्ण सरसफाई अभियान कार्यान्वयनका लागि समितिले वडा स्तरिय समितिलाई समेत प्राविधिक सहयोग गर्न आवश्यकता अनुसार कार्यदल गठन गरी परिचालन गर्न सक्नेछ ।

**४. गाउँपालिका स्तरीय खानेपानी, सरसफाई तथा स्वच्छता समितिको काम कर्तव्य र अधिकार**

क) महावै गाउँपालिकालाई खुला दिशामुक्त क्षेत्र बनाउने योजना तर्जुमा गर्ने ।

ख) खुल्ला दिसामुक्त क्षेत्र घोषणालाई दिगो बनाउँदै पुर्ण सरसफाई सुनिश्चितता गर्ने । त्यसका लागि अनुसूची १ र २ अनुसारका सुचकहरु पुरा गर्नु पर्नेछ ।

ग) महावै गाउँपालिका क्षेत्रभित्र रहेका स्वास्थ्य, सरसफाई र फोहोरमैला व्यवस्थापनका क्षेत्रमा काम गर्ने संस्थाहरु बिच समन्वय गर्ने ।

घ) स्वास्थ्य, सरसफाई र फोहोरमैला व्यवस्थापनका क्षेत्रमा काम गर्ने संस्थाहरुको श्रोत र साधनलाई एकिकृत परिचालन गर्ने व्यवस्था मिलाउने ।

ङ) पूर्ण सरसफाई र स्वच्छता सम्बन्धि बानी व्यवहार विकास गर्न अभियान संचालन गर्ने ।

च) पूर्ण सरसफाई, फोहोरमैला व्यवस्थापनका लागि वडास्तरीय खानेपानी, सरसफाई तथा स्वच्छता समितिलाई आवश्यक सहयोग गर्ने व्यवस्था मिलाउने ।

ज) खानेपानी, सरसफाई तथा स्वच्छता कोषको व्यवस्थापन तथा परिचालन गर्ने ।

**५. वडास्तरीय खानेपानी, सरसफाई तथा स्वच्छता व्यवस्थापन समितिः**

महावै गाउँपालिकाको प्रत्येक वडामा वडा स्तरीय खानेपानी, सरसफाई तथा स्वच्छता समिति देहाय बमोजिम गठन हुनेछ ।

क) वडा अध्यक्ष

संयोजक

ख) सम्बन्धित वडाबाट प्रतिनिधित्व गर्ने गाउँकार्यपालिका सदस्य सदस्य

ग) वडा समितिका सदस्यहरु

सदस्य

घ) वडाका स्वास्थ्य संस्था प्रमुख

सदस्य

ङ) स्वास्थ्य, सरसफाई र फोहोरमैलाको क्षेत्रमा काम गर्ने संस्थामध्ये

समितिले तोकेको एक महिला र एक दलित सहित ३ जना सदस्य

च) वडा सचिव

सदस्य-सचिव

## ६. वडा स्तरीय खानेपानी, सरसफाई तथा स्वच्छता व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार

क) वडालाई खुला दिसामुक्त क्षेत्र बनाउने योजना कार्यान्वयन गर्ने ।

ख) वडामा खुला दिसामुक्त क्षेत्र घोषणलाई दिगो बनाउदै पूर्ण सरसफाई सुनिश्चितता कायम गर्ने ।

ग) वडामा गठन भएका टोल विकास संस्थाहरुलाई वडाको खुला दिसामुक्त र पूर्णसरसफाई अभियानमा परिचालन गर्ने ।

घ) वडाभित्र रहेका स्वास्थ्य, सरसफाई र फोहोरमैला व्यवस्थापनका क्षेत्रमा काम गर्ने संस्थाहरु बिच समन्वय गर्ने ।

ङ) वडास्तरमा स्वास्थ्य, सरसफाई र फोहोरमैला व्यवस्थापनका क्षेत्रमा कामगर्ने संस्थाहरुको श्रोत र साधनलाई एकिकृत परिचालन गर्ने व्यवस्था मिलाउने ।

च) वडास्तरमा पूर्ण सरसफाई र स्वच्छता सम्बन्धी बानी व्यवहार विकास गर्न क्रियाकलाप संचालन गर्ने ।

छ) गाउँपालिका स्तरीय खानेपानी, सरसफाई तथा स्वच्छता समितिबाट प्राप्त निर्देशनहरु कार्यान्वयन र आवश्यक समन्वय गर्ने ।

## ७. समितिको बैठक:

क) बैठकका लागि ५१% सदस्यको उपस्थिती लाई गणपुरक संख्या मानिनेछ ।

ख) व्यवस्थापन समितिको बैठक आवश्यकता अनुसार जुनसुकै समयमा पनि बस्न सकिनेछ ।

ग)समितिका पदाधिकारीले बैठक बसेको दिन गाउँपालिकाले तोके बमोजिमको बैठक भत्ता पाउने छन् ।

घ) दफा ३ (१) र दफा ५ बमोजिमको गठित समितिको बैठक सम्बन्धी व्यवस्था माथि उल्लेख उपदफा क, ख, ग बमोजिम हुनेछ ।

## परिच्छेद-३

### ८. कोषको व्यवस्था

यस कार्यविधिको अधिनमा रहि **"खानेपानी, सरसफाई तथा स्वच्छता व्यवस्थापन कोष"** को स्थापना गरिने छ । सो कोषमा देहाय बमोजिमको रकम हुनेछ :

क) नेपाल सरकारबाट प्राप्त हुने रकम ।

ख) प्रदेश सरकारबाट प्राप्त हुने रकम ।

ग) गाउँसभाबाट कोषमा प्राप्त हुने रकम ।

घ) दातृ मुलुक, दातृ संस्था, अन्तर्राष्ट्रिय र स्थानीय गैरसरकारी संस्थाबाट कोषको नाममा सोझै प्राप्त भएको रकम ।

ङ) कोषलाई अन्य कुनै स्रोतबाट प्राप्त हुने रकम ।

च) खानेपानी आयोजनाबाट मर्मत सम्भार कोष वापत कट्टी रकम ।

## ९. कोष संचालन

कोषको रकम समितिबाट महावै गाउँ क्षेत्र भित्रका कुनै वाणिज्य बैंकमा खाता खोली जम्मा गरिनेछ । कोषको खाता प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ । कोषमा जम्मा भएको रकम देहायको कार्यको लागि मात्र खर्च गरिनेछ :-

क) खुला दिसामुक्त घोषणा अभियान संचालन कार्यक्रमहरु संचालन गर्ने ।

ख) गाउँपालिका क्षेत्रलाई प्लास्टीक झोला मुक्त पालिका बनाउने अभियान संचालन गर्ने,

ग) पूर्णसरसफाई र फोहोर मैला व्यवस्थापन गर्नेकार्यमा संलग्न साझेदार संस्थाहरुसँग साझेदारी गर्ने ।

घ) विपद्को कारणबाट भएको फोहोर मैला तथा प्रदुषणको विसर्जन (डिस्पोजल) गर्ने,

ङ) फोहोरमैला व्यवस्थापन र पूर्णसरसफाई व्यवस्थापनको लागि सचेतनामुलक कार्यक्रम संचालन गर्ने ।

च) कोषको रकम फोहोरमैला व्यवस्थापन र पूर्णसरसफाई बाहेकका कार्यमा खर्च गर्न पाइने छैन ।

## १०. लेखापरीक्षण:

क) कोषको आम्दानी खर्चको नेपाल सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राखिनेछ ।

ख) कोषको आन्तरिक लेखा परीक्षण आन्तरीक शाखाबाट र अन्तिम लेखा परीक्षण प्रचलित कानून बमोजिम हुनेछ।

## परिच्छेद-४

### ११. अनुगमन, मूल्याङ्कन र प्रतिवेदन

कार्यक्रमको प्रभावकारी कार्यान्वयन, गुणात्मक उपलब्धि र दिगोपनको लागि निरन्तर अनुमान, मूल्याङ्कन र प्रतिवेदन तयारी गर्ने कार्यलाई संस्थागत गरिने छ । कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्नका लागि घरायसी तथा संस्थागत तहमा समेत अनुगमन र मूल्याङ्कन गर्नु पर्नेछ । अनुगमनका नीतिगत पक्ष, कार्यान्वयन विधि, बाधा अवरोध, चुनौती, अवसर, कार्य कुशलता, प्रभावकारिता तथा प्राविधिक पक्ष लगायतका विषयहरुमा केन्द्रित रहने छ । अनुगमन मूल्याङ्कन कार्य अनुसूची २ बमोजिम हुनेछ।

### १२. पुरस्कार, सम्मान र कदर

गाउँपालिका क्षेत्रको विभिन्न तहमा, पूर्ण सरसफाई अभियान संचालनमा विशेष योगदान पुऱ्याउने व्यक्ति, समूह र संस्था आदिलाई सम्मान एवं पुरस्कृत गर्न सकिनेछ।

### १३. संशोधनः

यस कार्यविधिलाई व्यवस्थित र प्रभावकारी रुपमा कार्यान्वयन गर्न गाउँकार्यपालिकाले संशोधन गर्न सक्नेछ।

## १४. बचाउ तथा खारेजी:

यस कार्यविधिमा व्यवस्था भएका कुराहरु, स्थानीय सरकार संचालन ऐन, २०७४ सँग बाझिएको हदसम्म स्वत: अमान्य हुनेछ ।

## अनुसूची-१

### दफा ४ (ख) सँग सम्बन्धित

### १. सफा तथा स्वच्छ क्षेत्र

यस चरणमा निम्न लिखित क्रियाकलाप संचालन गरिने छ :

क) दफा ३ (१) र दफा ५ बमोजिमको गठित समितिहरुलाई सक्रिय गरिनेछ ।

ख) समन्वय समिति र सरोकारवालाहरुको सहभागितामा खुला दिसामुक्त क्षेत्र घोषणाको पुनरावलोकन एवं त्यस पछि संचालन गरिने क्रियाकलापहरुलाई सहयोग गर्न कार्यदल गठन गरिनेछ ।

ग) सरोकारवालाहरुको सहभागिता र सक्रियतामा गाउँपालिका र वडास्तरीय सरफाई स्वच्छता योजना तर्जमा गरिने छ ।

घ) गाउँपालिका केन्द्र देखि वडा र टोल तहमा खानेपानी, सरसफाई, स्वच्छता सम्बन्धी मानव संसाधन विकासका लागि क्षमता विकास तालिम तथा अभिमुखीकरण गोष्ठीहरु आयोजना गरिने छ ।

ङ) खानेपानी, सरसफाई तथा स्वच्छतासँग सम्बन्धित विभिन्न विषयहरु चर्पीको समुचित प्रयोग, व्यक्तिगत सरसफाई, न्यूनतम आवश्यक तथा सुरक्षित पानीमा पहुँच तथा प्रयोग, सुरक्षित खानको प्रयोग, सफा र स्वच्छ घर, विद्यालय, स्वास्थ्य संस्था एवं कार्यालय, ठोस तथा तरल फोहोरको व्यवस्थापन, ढल तथा मानव मलमुत्रीय फोहोर व्यवस्थापन, वातावरणीय सरसफाई आदिका विषयमा आम संचारको प्रयोग, अनुशिक्षण, गोष्ठी, तथा घरदैलो कार्यक्रम मार्फत जनचेतनामुलक क्रियाकलाप संचालन गरिनेछ ।

च) खानेपानी, सरसफाई तथा स्वच्छता प्रबर्द्धनको व्यापक प्रचार प्रसार गर्नका लागि स्थानीय परिवेश रभाषा अनुरुप सूचना, शिक्षा र सञ्चार समाग्रीहरुको विकास रवितरण गरिनेछ ।

छ) खानेपानी, सरसफाई तथा स्वच्छता सामाग्रीहरुको ग्रामीण क्षेत्रसम्म पहुँच विस्तार गर्न निजी क्षेत्रसँग सहकार्य गरिनेछ ।

ज) सबै घरधुरीमा चर्पी एवं संस्थागत निकाय र आवश्यकता अनुसार सार्वजनिक स्थानमा शौचालयहरुको निर्माण गरी चर्पीमा सबैको पुहँच र साबुन पानी सहतिको प्रयोगको सुनिश्चितता गरिनेछ ।

झ) आवश्यकता अनुसार सबै सार्वजनिक (बजार, राजमार्ग, धार्मिक तथा पर्यटकीय स्थल लगायत) संस्थागत शौचालयहरु प्रयोगकर्ता-मैत्री (वातावरणमैत्री, बालमैत्री, लैङ्गिकमैत्री, अपाङ्गता र बृद्ध-मैत्री) बनाइनेछ ।

ञ) घरधुरी, स्थानीय संघसंस्था क्लब, समूह, समिति आदि मार्फत घरायसी चर्पी, संस्थागत तथा सार्वजनिक शौचालयहरुको नियमित मर्मतसम्भार र स्तरोन्नती गरी स्वच्छता कायम गरिने छ । बालबालिकाको दिसालाई सुरक्षित विर्सजन गरिनेछ ।

ट) व्यक्तिगत स्वच्छता एवं साबुन पानीले हात धुने व्यवहारको विकासका लागि घर, संस्थागत निकाय, सार्वजनिक शौचालय, होटेल, क्यान्टिन आदिमा साबुन पानी सहित हात धुने स्थानको निर्माण सम्बन्धित जम्मिेवार पक्षले गर्नुपर्नेछ ।

ठ) समुदाय परिचालन, आम संचार, सूचना, शिक्षा, सञ्चार समाग्रीहरु मार्फत घरघर, टोलटोल र संस्थाहरुमा खाना खानु अघि, बच्चालाई खाना खुवाउनु भन्दा अघि, दिसा गरेपछि, बच्चाको दिसा धोएपछि, फोहोर तथा विषादी आदि छोए पछि साबनु पानीले हात धुने लगायत थप व्यक्तिगत स्वच्छता प्रवर्द्धन सम्बन्धि ज्ञान, अभ्यासको प्रचार प्रसार र प्रदर्शनी गरिने छ ।

ड) महिलाहरुको मासिकधर्मलाई प्राकृतिक प्रकृयाका रुपमा लिदैं यसको स्वच्छता र व्यवस्थापनको लागि घरायसी, विद्यालय तथा संस्थागत निकायमा मासिकधर्म स्वच्छता व्यवस्थापनका लागि स्यानीटरी प्याड वा अन्य साधनहरुको सफाइ एवं सुरक्षित विर्सजन सम्बन्धी ज्ञानको प्रचार प्रसार गरिनेछ । समुदाय, विद्यालय, संस्थागत निकाय तथा सार्वजनिक शौचालयहरुमा

स्यानीटरी प्याड वा अन्य साधनहरुको सफाइ एवं विसर्जन गर्ने वैज्ञानिक व्यवस्था गरिनेछ।

ढ) सरोकारवालाहरुसँग समन्वय र सहकार्यमा सबै घरधुरी, संस्थागत निकाय, सार्वजनिक स्थानहरुमा खानेपानी आयोजना निर्माण तथा पुर्नस्थापना र मर्मत सम्भार गरी आधारभूत स्तरको खानेपानीको पहुँच सुनिश्चित गरिनेछ ।

ण) सुरक्षित खानेपानीमा अपाङ्गता भएका व्यक्तिहरु समेत सबैको पहुँच सुनिश्चित गरि खानेपानी आयोजना र यसका स्रोतहरु मुहान, इनार, कुवा, वर्षातको पानी संकलन ट्यांकी आदिको संरक्षण गरी सरसफाई र स्वच्छताको विभिन्न वैज्ञानिक उपायहरु अबलम्बन गरी कायम गरिनेछ।

त) घरायसी, संस्थागत तथा सार्वजनिक स्थानहरुमा पानीको सुरक्षित व्यवस्थापनका लागि ज्ञान, सीप, अभ्यास सम्बन्धी जनचेतना अभिवृद्धि गरिने छ। निजी क्षेत्रसँगको सहकार्यमा घरायसी, संस्थागत, सामुदायिक स्तरमा पानी प्रशोधन, शुद्धीकरण सम्बन्धी सामाग्रीहरुको बजारीकरण गरी कुनै विधि (फिल्टर, सोडिस, उमाल्ने, क्लोरिनेशन वा अन्य) को छनौट गर्ने अवसर उपलब्ध गराइने छ।

थ) समुदाय परिचालन र आम सञ्चार क्षेत्रद्धारा घरायसी तहमा खाना प्रयोग सम्बन्धी सुरक्षित व्यवहार जस्तै खाना राम्ररी पकाएर खाने, बासी खाना नखाने, खाएमा आवश्यक तापक्रम तथा शुद्धता कायम गरी खाने,

फलफूल तथा काचैँ खाने खाद्यन्न राम्ररी धोएर सफा गरी खाने आदि बानी व्यवहारको विकास गरिनेछ ।

द) सम्बन्धित सरकारी, गैरसरकारी संस्था, उपभोक्ता सस्था, नागरिक समाज आदिको संयुक्त टोलीमार्फत संस्था, विद्यालय, होटल, रेस्टुरा, क्यान्टिन, होस्टेल आदिमा प्रयोग हुने खाना, खाना पकाउने तथा खानेभाँडाको सफाई र स्वच्छता कायम गर्नका लागि प्रभावकारी अनुगमन गरिनेछ ।

ध) घरायसी एवं संस्थागत तहमा महिला स्वास्थ्य स्वयंसेविका, सामुदाय परिचालक एवं पूर्ण सरसफाई, भान्सा तथा गोठको सरसफाई पशुपंक्षीको व्यवस्थापन, ठोस फोहोर संकलन, वर्गीकरण, त्यसको पुन प्रयोग जस्ता कार्यहरु गर्न प्रोत्साहित गरिने छ ।

न) घरायसी तथा संस्थागत निकायबाट निस्कासन भएको फोहोर पानीको व्यवस्थापन तथा प्रयोग सम्बन्धी ज्ञान, सीप सम्बन्धमा प्रशिक्षण तथा अभिमुखिकरण र प्रचारप्रसार गरिनेछ ।

प) निजी तथा सहकारी क्षेत्रसँगको सहकार्य र समन्वयमा घरायसी, सामुदायिक तथा संस्थागत तहमा ठोस ( कुहिने र नकुहिने) तथा तरल फोहोर व्यवस्थापनका लागि स्थानीय परिवेशमा उपयुक्त हुने प्रविधिको सिफारिस गर्नुका साथै आवश्यकता अनुसार निर्माण, व्यवस्थापन र संचालन गरिनेछ ।

फ) घर, संस्था, कार्यालय, सामुदाय, सार्वजनिक स्थान आदिमा रहेका शौचालयको खाल्डो/सेप्टीक ट्याङ्की भरिएपछि त्यहाँको मानव मलमुत्रीय फोहोरको उपचार गरी सुरक्षित स्थानमा ल्याइनेछ ।

ब) टोल विकास संस्था, क्लब, समिति आदिद्वारा सामुदायिक तथा सार्वजनिक सम्पत्ति, गाउँ, टोल, बाटोघाटो, चौतारा, पाटीपौवा आदिको सरसफाई गरी सामुदायिक स्वच्छता प्रवर्द्धनमा सघाउ पुऱ्याइनेछ ।

भ) गाउँपालिकाको गाउँउन्मुख एवं गाउँ क्षेत्रमा ठोस फोहोरमैलाको उचित संकलन, वर्गीकरण, ढुवानी, प्रशोधन, पुनः प्रयोग र अन्तिम निस्कासनको एकीकृत व्यवस्थापनका लागि स्यानिटरी ल्याण्डफिल साइटको निर्माण गर्न पहल गरिनेछ ।

म) अस्पताल, उद्योगभन्दा तथा कलकारखानाबाट निस्कने ठोस तथा तरल फोहोर सोहि हाताभित्र सुरक्षित स्थानमा नेपाल सरकारले तोकेको मापदण्ड अनुसार व्यवस्थापन गरी अन्तिम विसर्जनका लागि हाताबाहिर निस्कासन गर्न दिइनेछ ।

य) गाउँ एवं गाउँउन्मुख क्षेत्रका घरायसी, संस्थागत, सार्वजनिक स्थानलाई ध्यानमा राखी व्यवस्थित ढल प्रणालीको निर्माण गर्नका लागि योजना तर्जुमा गरिनेछ,

र) दिर्घकालीन रुपमा गाउँ र गाउँउन्मुख क्षेत्रमा बधशालाहरुको निर्माण, बधशालाको सरसफाई गर्ने कार्ययोजना बनाई तत्कालिन आवस्थामा गाउँ र गाउँ

उन्मुख क्षेत्रमा संचालित फ्रेसहाउस र त्यसबाट निस्कने फोहोरको व्यवस्थापन गर्न सम्बन्धित व्यवसायीहरुलाई नै गर्न लगाइनेछ ।

माथि उल्लेखित क्रियाकलापहरु सम्पन्न भए पश्चात् अनुसूची-१ को ४ बमोजिम स्व-घोषणा, अुनमोदन तथा प्रमाणीकरण गर्न सकिनेछ ।

## २. पूर्ण सरसफाई उन्मुख क्षेत्र

पूर्ण सरसफाई अभियान अन्तर्गत कनैुपनि क्षेत्रलाई सफा र स्वच्छ क्षेत्र घोषणा र कायम गरी सकेपछि निरन्तर रुपमा तपशिलमा उल्लिखित पूर्ण सरसफाई उन्मुख क्रियाकलाप संचालन गरिनेछ ।

क) सफा र स्वच्छ क्षेत्र चरणमा संचालित योजना,कार्यक्रम क्रियाकलापहरुको पुनरावलोकन गरिनेछ र आवश्यकता अनुसार सुधारका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

ख) घर, संस्था, शौचालयबाट ढल प्रणाली वा कुनै माधयम मार्फत निश्चित स्थानमा सुरक्षित तरिकाले मानव मलमुत्रीय फोहोर (Faecal Sludge) निस्कासन तथा संकलन गरिनेछ । यसरी संकलित मानव मलमुत्रीय फोहोर तथा फोहोरपानीलाई उपयुक्त प्रविधि मार्फत प्रशोधन गरी त्यहाँबाट निस्केको वस्तुहरु (Products) लाई घरायसी सरसफाइ, कृषि वा अन्य क्षेत्रमा पुनः प्रयोगमा जोड दिइनेछ । निजी क्षेत्रसँग सहकार्य गरी यस्तो कर्यालाई अझ प्रभावकारी बनाइनेछ ।

ग) घर, संस्था, कार्यालयमा प्रयोग तथा पुर्नप्रयोग हुन नसकेको ठोस फोहोरमैलालाई स्रोतबाट सिधै संकलन गरी स्यानिटरी ल्याण्डफिल्डमा सुरक्षित रुपमा स्थानान्तरण, प्रशोधन एवं विसर्जनको व्यवस्था गरिनेछ,

घ) स्थानीय निकाय र सरोकारवालाहरुको समन्वयमा वर्षात्को पानी संकलन गरिनेछ ।

ङ) गाउँउन्मुख बस्ती तथा गाउँक्षेत्रमा फोहोरपानी तथा सतही ढलको व्यवस्था गरिनेछ ।

च) नदीनालाको सरसफाइ, पार्क निर्माण तथा हरियाली प्रवर्द्धनमा जोड दिइनेछ ।

झ) सरोकारावालाहरुसँगको समन्वयमा अस्पताल एवं औद्योगिक तथा कलकारखानाबाट उत्पादित जोखिमयुक्त फोहोरमैलाको सुरक्षित विसर्जन गरिनेछ ।

ज) सरोकारवालाहरुको समन्वयमा प्रयोगकर्ता-मैत्री उच्च गुणस्तरका खानेपानी, सरसफाइ र स्वच्छताका सुविधाहरु प्रवर्द्धन र विकास गरी पूर्ण सरसफाइ उन्मुख क्षेत्र निर्माणमा केन्द्रित रहन समुदाय परिचालनका क्रियाकलापहरु संचालन गरिनेछ ।

## ३. सफा र स्वच्छ अवस्था एवं पूर्ण सरसफाईका सूचकहरु :

पूर्ण सरसफाई अधियान अन्तर्गत सफा र स्वच्छ क्षेत्र एवं पूर्ण सरसफाई उन्मुख क्षेत्रको स्व-अनुगमन वा प्रमाणीकरणका लागि अनुगमन गर्दा निम्न लिखित सूचकहरुहलाई आधार मानी उक्त क्षेत्रको अवस्थाको

लेखाजोखा, घोषणा एवं प्रमाणीकरणको अनुमोदन प्रकृया अवलम्बन गरिनेछ ।

**क) सफा र स्वच्छ अवस्था क्षेत्र घोषणा चरणका सूचकहरु**

तल दिइएका ७ वटा मुख्य सूचकहरु अध्ययन गरी सो हासिल भएको पाईएमा कुनै क्षेत्रलाई सफा र स्वच्छ क्षेत्र भनी स्व-घोषणा वा प्रमाणीकरण गर्न सकिने छ ।

**१. योजना तर्जुमा व्यवस्थापन :**

- समन्वय समिति सक्रिय रहेको,
- WASH Plan तर्जुमा भएको
- क्षमता विकासको लागि तालिमहरु सञ्चालन गरिएको,

**२. चर्पीको समुचित प्रयोग :**

- प्रत्येक घरधुरी, संघसंस्था र आवश्यकता अनुसार सार्वजनिक स्थानहरुमा चर्पी निर्माण भइ प्रयोग भएको,
- साबुन पानी सहितको सुरक्षित, सफा चर्पी भएको,
- खुला ठाउँमा दिसा नभेटिएको,
- संघ संस्थाका र सार्वजनिक शौचालय प्रयोगकर्तामैत्री भएको,

**३. व्यक्तिगत सरसफाई :**

- प्रत्येक घरले उपयुक्त स्थानमा साबुन पानी सहितको हात धुने स्थान बनाएको ।
- घर, विद्यालय, संघ संस्था र सार्वजनिक शौचालयहरुमा साबुन पानीले हात धुने, महिलाको मासिक धर्म व्यवस्थापन लगायतका व्यक्तिगत सरसफाई सम्बन्धी ज्ञान र अभ्यास भएको,

- व्यक्तिगत सरसफाईमा ध्यान पुऱ्याएको (समुदायका सदस्य, विद्यालयका विद्यार्थी/शिक्षक/कर्मचारी, होटेल र रेष्टुराका कर्मचारी/व्यवस्थापन समेत)

**४. सुरक्षित पानीमा पहुँच तथा प्रयोग**

- आधारभूत स्तरको खानेपानीमा सबैको पहुँच भएको,
- खानेपानी प्रणालीबाट सुरक्षित खानेपानी उपलब्ध नभएको अवस्थामा घरायसी, विद्यालय, संघ संस्थामा पानी शुद्धीकरणका कुनै एक विधिको प्रयोग गरेर मात्र पानी पिउने उपलब्ध भएको।
- घरायसी पानी शुद्धीकरणका आवश्यक सामग्रीहरु स्थानीय बजारमा उपलब्ध भएको।

**५. सुरक्षित खानाको प्रयोग :**

- घरको भान्सा, होटेल, क्यान्टिन तथा रेस्टुरा सफा रहेको र बासी तथा सडेगलेको खाना नखाने/नबेच्ने गरेको
- खाना पकाउने र खाने भाँडा सफा हुनुका साथै खानेकुरा र पिउने पानी छोपेर राखेको
- फलफूल तथा खानेकुराहरु राम्रोसँग सफा गरेर एवं पकाएर, तताएर खाने, खुवाउने गरेको,
- सुरक्षित खानको अनुगमनका लागि कार्यदल गठन गरी कम्तीमा चौमासिक रुपमा अनुगमन हुने गरेको,

**६. घरायसी एवं संस्थागत सरसफाई :**

- घर, विद्यालय, संघ संस्था भित्र बाहिर सफा रहेको,

- विद्यालय, संघसंस्था र सार्वजनिक शौचालयहरुमा मासिक धर्म/महिनावारीमा प्रयोग गरिएका स्यानीटरी प्याड वा अन्य साधनहरुको सफाई एवं विसर्जन गर्ने वैज्ञानिक व्यवस्था भएको,
- घर आँगन एवं विद्यालय, संघ संस्थाबाट निस्कने फोहोरलाई वर्गीकरण गरी कुहिने र नकुहिने फोहोरको समुचित व्यवस्थापन गरेको । घर एवं विद्यालय, संघ संस्थाबाट निस्कने फोहोरपानीको सुरक्षित निस्कासन भएको,
- अस्पताल, उद्योग, कलकारखानाबाट निस्केको फोहोरको सुरक्षित संकलन, निस्कासन तथा विसर्जन सोही संस्थाले गर्ने गरेको,
- अस्पताल, उद्योग कलकारखानाबाट निस्केको फोहोरको सुरक्षित संकलन, निस्कासन तथा विसर्जन सोही संस्थाले गर्ने गरेको,
- उपयुक्त तरिकाले पशुपंक्षीको गोठ तथा खोर मलमूत्र व्यवस्थापन गर्ने गरेको,
- भान्सा कोठामा हावा ओहोरदोहोर हुने उचित व्यवस्था तथा धुँवा रहित चुल्होको प्रयोग भएको,

**७. वातावरणीय सरसफाई :**

- गाउँ, टोल, सडक, चौतारा आदि सार्वजनिक स्थानहरुको सरसफाईको लागि सरसफाई समिति गठन भएको,
- घरायसी एवं संस्थागत तहमा ठोस तथा तरल फोहोर (मानव मलमूत्र बाहेक) व्यवस्थापनको आवश्यकता अनुसार

उपयुक्त प्रविधिको प्रयोग भएको (पक्की वाटरशील चर्पी र व्यवस्थित सेप्टीक ट्यांकमा जोडिएको,

- मानव मलमूत्रको व्यवस्थापनको हकमा व्यवस्थित सेप्टीक ट्यांकीमा जोडिएको पक्की वाटरसिल चर्पी लगायत अन्य उपयुक्त प्रविधिको प्रयोग भएको,
- गाउँ वा गाउँउन्मुख क्षेत्रबाट निस्कने फोहोरमैला (ठोस तथा तरल) को उचित व्यवस्थापन भएको,
- गाउँ र गाउँ उन्मुख क्षेत्रमा ठोस फोहोरमैलाको व्यवस्थापनको लागि स्यानिटरी ल्याण्डफिल्ड साइटको पहिचान गरी निर्माणका योजना तर्जुमा भएको,
- व्यस्थित ढल प्रणाली (मानव मल मुत्रीय फोहोरको व्यवस्थापन वा वैज्ञानिक फोहोरपानी प्रशोधन प्रणाली) योजना तर्जुमा भएको,

**ख) पूर्ण सरसफाई उन्मुख क्षेत्र घोषणा चरणका सूचकहरु :**

- प्रयोगकर्ता-मैत्री गुणस्तरीय चर्पी निर्माण भएको,
- नेपाल गुणस्तर मापदण्ड अनुसारको पिउनेपानीमा सबैको पहुँच भएको,
- ग्रामीण तथा छरिएका वस्तीमा मानव मलमुत्रको व्यवस्थापनको हकमा व्यवस्थित सेप्टीक ट्यांकीमा जोडिएको पक्की वस्तीमा मानव लगायत अन्य उपयुक्त प्रविधिको प्रयोग भएको
- गाउँ र गाउँ उन्मुख क्षेत्रमा प्रशोधन सहितको व्यवस्थित ढल निर्माण भएको,

- ठोस फोहोरमैलाको व्यवस्थापनका लागि आवश्यकता अनुसार स्यानिटरी ल्याण्ड फिल्ड साइटको निर्माण गरी संचालनमा रहेको,
- गाउँ र गाउँ उन्मुख क्षेत्रमा सम्भव भए सम्म फोहोरमैलाको कम उत्पादन, पुनः प्रयोग र रि-साइकल गर्ने व्यवस्था भएको,
- आकासे पानी संकलन र उपयोग गरेको,
- नदीनाला, पोखरी ताल तलैयाको पानीको प्राकृतिक गुणस्तर कायम राखेको,
- वस्ती, टोल वरपर यथोचित हरियाली र पार्क निर्माण भएको,

**४. स्व-घोषणा, अनुमोदन तथा प्रमाणीकरण :**

क) पूर्ण सरसफाई अभियानलाई निरन्तर रुपमा संचालन गर्दै जाँदा गाउँपालिकाले सरसफाईका क्रियाकलापहरुको स्व-अनुगमन, अवलोकन, मूल्याङ्कन एवं स्तरोन्नती कार्यलाई निरन्तर रुपमा संचालन गर्ने छ।

ख) पूर्ण सरसफाई अभियान संचालन गर्ने क्रममा अनुसूची ३ को (क) २ चर्पीको समुचित प्रयोगका सूचकहरु पूरा गर्न खुला दिशा मुक्त घोषणा कार्यलाई प्राथमिकतामा राख्नु पर्नेछ । खुल्ला दिशामुक्त घोषणा प्रमाणिकरण अनुसूची ५ अनुगमनका सुचकहरु र प्रमाणीकरण गर्ने आधारमा रहि प्रमाणिकरण गर्नु पर्नेछ।

ग) खुला दिशामुक्त घोषणा पछि कुनै वडाले संचालित पूर्ण सरसफाईका सफा र स्वच्छ क्षेत्रका क्रियाकलापहरु पूरा

गरेपछि सम्बन्धित वडा समिति वा कार्यदलले उक्त क्षेत्रको अनुगमन गरी सफा र स्वच्छ क्षेत्रका उल्लिखित सूचकहरु पूरा भएको अवस्थामा आफ्नो क्षेत्रलाई सफा र स्वच्छ क्षेत्रका रुपमा स्वा-घोषणा गर्नुभन्दा अगाडि अनुसीची ८ अनुसारको स्टीकर तयार गरी प्रत्येक घरधुरीमा वितरण गर्नेछ र स्व-घोषणा गर्न सक्नेछ । यसरी सफा र स्वच्छ घोषणा गरिए पछि त्यस क्षेत्रलाई गाउँपालिका स्तरीय समितिबाट अनुगमन तथा अवलोकन गराइ सफा र स्वच्छ क्षेत्रका रुपमा प्रमाणीकरण गराउन सकिनेछ । गाउँपालिका स्तरीय समितिको प्रमाणीकरण पश्चात वडाले आफ्नो कार्यालयमा पनि अनुसूची ८ अनुसारको स्टीकर टाँस्न पाउनेछ ।

ग) कुनै पनि वडामा संचलित पूर्ण सरसफाई अभियानका क्रियाकपलापहरुको स्व-अनुगमन तथा सफा र स्वच्छ अवस्था कायम भए वा नभएको सुनिश्चितता गरिनेछ । सबै वडाका सफा र स्वच्छ क्षेत्र कायम भएपछि क्रमशः गाउँपालिका क्षेत्रलाई सोही प्रकृया अनुरुप सफा र स्वच्छ क्षेत्र स्व-घोषणा तथा अनुमोदन एवं प्रमाणीकरण गरिनेछ ।

घ) यदि कुनै वडाले त्यसको कुनै वस्ती वा टोललाई सफा र स्वच्छ क्षेत्र वा पूर्ण सरसफाई उन्मुख क्षेत्र प्रमाणीकरण गराउन औपचारिक अनुरोध गरेमा गाउँपालिका स्तरीय खानेपानी, सरसफाई तथा स्वच्छता समितिले ७ दिन भित्र अनुगमन कार्यदल गठन गरी

सम्बन्धित निकाय वा क्षेत्रमा अनुगमनका लागि खटाउने छ । उक्त अनगमनमा खटिएको टोलीले अनुसूची ३ (क) मा उल्लेख गरिएका पूर्ण सरसफाईका सुचकहरु समेटिएको सूचना संकलन फाराम तथा कार्यविधि अनुसार अवलोकन, छलफल, आवश्यक सूचना संकलन गरी उक्त क्षेत्रलाई सफा र स्वच्छ क्षेत्र प्रमाणीकरण गर्न योग्य भए नभएको जानकारी गराउनेछ । यदि योग्य नभएमा सम्बन्धित समन्वय समितिलाई सफा र स्वच्छ क्षेत्र हासिलका लागि गर्नु पर्ने क्रियाकलापहरुको सुझाव सहित पत्राचार गर्नु पर्नेछ । र सुचकहरु पुरा गरेको अवस्थामा सफा र स्वच्छ क्षेत्र अनुमोदन एवं कायम गर्न सकिने पत्राचार गर्नु पर्नेछ ।

ङ) स्वघोषणा गर्दा वा अनुमोदन गर्दा सो सम्बन्धी सूचक पूरा गरेको प्रमाण-पत्र उपलब्ध गराउनु पर्ने छ । कुनै क्षेत्रमा सफा र स्वच्छ क्षेत्रका सूचकहरु पूरा गरी अनुमोदन वा स्वघोषणा भई भएपछि वा सँगसँगै पूर्ण सरसफाई उन्मुख क्रियाकपलाहरु संचालन गरिनेछ । पूर्ण सरसरफाई सम्बन्धी माथि उल्लिखित क्रियाकलापहरु सञ्चालन गरिनेछ । पूर्ण सरसफाई सम्बन्धी माथि उल्लेखित क्रियाकलापहरु सञ्चालन गरेर बुँदा ३ (ख) का सुचकहरु हासिल गरे पश्चात् उक्त क्षेत्रलाई पूर्ण सरसफाई उन्मुख अवस्थाका रुपमा स्व-घोषणा तथा प्रमाणीकरण प्रकृया अबलम्बन गरिने छ ।

## अनुसूची-२
## दफा ८ सँग सम्बन्धित
## अनुगमन विधिहरु:

१. **स्व-अनुगमन:** सरसफाई अभियानका गाउँ तहदेखि केन्द्रसम्म आफूले गरेका कामहरु र कार्यक्रमका उपलब्धिहरुलाई कार्यान्वयनकर्ता संस्था स्वयंले गर्ने गरी सम्बन्धित सरोकारवालाहरुको सहभागिता वार्षिक स्व-अनुगमन गरिने छ ।

२. **संयुक्त अनुगमन:** विभिन्न तहका समन्वय समिति, सहयोगी निकाय, सञ्चारकर्मी, नागरिक समाज, राजनीतिक दल, शिक्षक, विज्ञ तथा लाभान्वित समुदाय आदि सम्मिलित समूहबाट संयुक्त रुपमा अनुगमन गरिनेछ । यस्तो अनुगमन एक तह माथिको समन्वय समितिबाट वर्षमा कम्तिमा १ पटक गरिनेछ ।

३. **प्रभाव अध्ययन:** पूर्ण सरसफाईका क्रियाकलापहरुको प्रभावका सम्बन्धमा जिल्ला, क्षेत्र र केन्द्रले मातहतका क्रियाकलपाहरुको प्रभाव अध्ययन तथा मूल्याङ्कन गर्नेछ ।

४. **प्रतिवेदन, अभिलेखीकरण र व्यवस्थापन:** सरसफाई प्रवर्द्धन र प्राप्त उपलब्धिको प्रतिवेदन तैयारी र अभिलेखीकरण प्रयोजनका लागि तथ्याङ्क व्यवस्थापन प्रणालीको उपयुक्त संरचना र विधि अपनाइने छ। यसका लागि गाउँपालिका तहको तथ्याङ्क व्यवस्थापन गाउँपालिका स्तरमा गरिनेछ । वडाका समन्वय समितिले नियमति रुपमा आफ्नो गाउँपालिका क्षेत्रभित्र रहेका घरपरिवार, संस्था र सार्वजनिक स्थानमा प्रयोगमा रहेको चर्पी/शौचालयको विवरण, खानेपानी सेवाको पहँच, हात धुने स्थलको व्यवस्था, फोहोरमैला व्यवस्थापन लगायतका अन्य

सान्दर्भिक विषयहरु समावेश गरी तथ्याङ्क संकलन तथा अद्यावधिक गरी अभिलेखीकरण गर्नु पर्नेछ यस प्रकारको सूचनाको अभिलेखीकरण गर्दा उक्त विषयसँग सम्बन्धित बानी व्यवहारका पक्षहरु, राम्रा सिकाई तथा अभ्यासहरु र सफलताका अनुभवहरु समेत समावेश गर्नु पर्नेछ :

- वडाहरुले सरसफाईसँग सम्बन्धित मात्रात्मक तथा गुणात्मक अभिलेख समेटेर प्रतिवेदन तयार गरी अषाढ १५ गते भित्र गाउँकार्यपालिकाको सम्बन्धित शाखामा पेश गर्नुपर्ने छ।
- गाउँपालिकाले सरसफाईसँग सम्बन्धित मात्रात्मक तथा गुणात्मक अभिलेख समेटेर प्रतिवेदन तयार गरी श्रावण १५ गते भित्र जिल्ला समन्वय समितिको सचिवालयको सचिवालयमा पेश गर्नुपर्नेछ।
-

## अनुसूची -३
## सरोकारवालाहरुको भूमिका र जिम्मेवारी

**क) कार्य संचालन तह :**

| क्र.सं. | सरोकारवालाहरु | कार्यक्षेत्र |
|---|---|---|
| १ | व्यक्ति | • चर्पीको समुचित प्रयोग, सरसफाई, मर्मत सम्भार, व्यक्तिगत सरसफाई गर्ने<br>• स्वस्थ्यकर बानी अवलम्बन |

| | | |
|---|---|---|
| | | गर्ने<br>• घर आँगनको सरसफाई गर्ने<br>• सरसफाई प्रति सचेत नागरिकको रुपमा सार्वजनिक दायित्व निर्वाह गर्ने । |
| २ | घरपरिवार | • चर्पीको निमार्ण, समुचित प्रयोग, सरसफाइ र मर्मत सम्भार गर्ने<br>• सरसफाई सम्बन्धी सामाजिकीकरण गर्ने<br>• पानी र खानाको स्वच्छता कायम राख्ने<br>• घर आँगन र वरिपरिको सरसफाई र बगैचा व्यवस्थापन गर्ने ।<br>• स्वच्छकर बानी व्यवहार विकासका लागि परिवारका सदस्य र छिमेकी लाई अभिप्रेरणा |

| | | |
|---|---|---|
| | | गर्ने । <br>• घरधुरीको निस्किने फोहोरमैलाको वर्गीकरण र समुचित व्यवस्थापन गर्ने |
| ३ | विद्यालय, विश्व विद्यालय, महाविद्यालय तथा अनुसान्धान संस्थाहरु | • सरसफाईका विषयवस्तुलाई पाठ्यपुस्तकमा समावेश गर्ने <br>• पूर्ण सरसफाई सम्बन्धी कार्ययोजना तर्जुमा तथा कार्यान्वयन गर्ने <br>• विद्यार्थी बाल क्कव गठन तथा सक्रियता गराउने <br>• बालमैत्री, लैङ्गिकमैत्री चर्पी, यूरिनल तथा खानेपानी सुविधा निर्माण, प्रयोग <br>• सरसफाई तथा मर्मत सम्भार गर्ने <br>• वरिपरिको सरसफाई कायम राख्ने |

| | | |
|---|---|---|
| | | • स्वच्छकर बानी व्यवहार विकासका लागि सरसफाई सिकाइ केन्द्रका रुपमा विकास हुने<br>• अनुसन्धान र विकासका क्रियाकलापहरु संचालन गर्ने<br>• सफा र स्वच्छ विद्यालय तथा कलेज प्रवर्द्धन गरी नमूनाको रुपमा प्रस्तुत हुने |
| ४ | गाउँ टोल | • पूर्ण सरसफाई सम्बन्धी कार्ययोजना तर्जुमा तथा कार्यान्वयन गर्ने<br>• गाउँ टोल समूहको गठन तथा सक्रियता गराउने<br>• प्रयोगकर्ता-मैत्री सरसफाई सुविधाको स्तरोन्नती र मर्मत सम्भार गर्ने<br>• खानेपानीको मुहान संरक्षण, पानीको |

| | | |
|---|---|---|
| | | शुद्धीकरण र स्वच्छता कायम राख्ने<br>• गाउँ टोल र वरिपरिका सरसफाई कायम राख्ने<br>• सार्वजनिक शौचालयको निर्माण, व्यवस्थापन, सरसफाइ र मर्मत सम्भार गर्ने<br>• स्वच्छकर बानी व्यवहार विकासका लागि घरधुरी र नागरिक समुदायलाई अभिप्रेरणा गर्ने<br>• फोहोरमैलाको वर्गीकरण र समुचित व्यवस्थापन गर्ने<br>• वृक्षारोपण, हरियाली पार्क, बगैचा, चौताराको निर्माण र संरक्षण गर्ने<br>• सफा र स्वच्छ गाउँ टोल विकास गरी नमूनाको रुपमा प्रस्तुत गर्ने |

| | | |
|---|---|---|
| ५ | उपभोक्त समिति ( खानेपानी तथा सरसफाई बजार व्यवस्थापन समिति वन व्यवस्थापन समिति) | • लक्षित समूह, संगठन समुदायलाई संगठित, सु-सुचित र सक्रिय बनाउने<br>• नीति नियम, आचार संहिता तर्जुमा गर्ने र गराउने<br>• स्थानीय स्रोत साधन परिचालन गर्ने<br>• अवस्था विश्लेषण, तथ्याङ्क संकलन गर्ने सहयोग पुऱ्याउने<br>• विपद्को समयमा खानेपानी, सरसफाई र स्वच्छता सम्बन्धी सचेतना र सामग्री वितवरणमा सहयोग पुऱ्याउने<br>• अनुगमन र सहजीकरण गर्न सहयोग पुऱ्याउने<br>• सरोकारवालाहरु तथा समन्वय समितिसँग |

| | | |
|---|---|---|
| | | समन्वय गर्ने<br>• सुविधाहरुको मर्मत, सरसफाई र व्यवस्थापन सहयोग पुऱ्याउने |
| ६ | पशुवधशााल संचालन/फ्रेस हाउस संचालक | • उचित स्थानमा बधशाला/फ्रेस हाउस निर्माण र संचालन गर्ने<br>• वधशालाको सरसफाई र त्यहाँबाट निस्केको फोहोर व्यवस्थापन गर्ने<br>• मासुको स्वच्छता कायम राख्ने |
| ७ | सरकारी गै.स.स. र निजी कार्यालय लगायत सबै | • प्रयोगकर्ता-मैत्री चर्पी, यूरिनल तथा खानेपानी सुविधा निर्माण, प्रयोग तथा मर्मत सम्भार गर्ने<br>• पानीको स्वच्छता कायम राख्ने<br>• वरिपरिको सरसफाई कायम राख्ने |

| | | |
|---|---|---|
| | | ● स्वच्छकर बानी व्यवहार विकासको लागि कर्मचारी र सेवाग्राहीलाई अभिप्रेरणा गर्ने<br><br>● फोहोरमैलाको वर्गीकरण र समुचित व्यवस्थापन गर्ने<br><br>● विपद्को समयमा खानेपानी, सरसफाई र स्वच्छता सम्बन्धी सचेतना र सामग्री वितरणमा सहयोग पुऱ्याउने<br><br>● सफा र स्वच्छ कार्यालय प्रवर्द्धन गरी नमूनाको रुपमा प्रस्तुत हुने |
| ८ | महिला स्वास्थ्य स्वयंसेविका र स्वास्थ्य कार्यकर्ता | ● प्राविधिक ज्ञान, सीप र सचेतना विस्तार गर्ने<br><br>● सामुदायिक सशक्तिकरण रसक्रियतामा वृद्धि गर्ने |

| | | |
|---|---|---|
| | | ● अभिमुखीकरण र ट्रिगरिङ्ग गर्ने<br>● अवस्था विश्लेषण, तथ्यांक संकलन गर्न सहयोग पुऱ्याउने<br>● सचेतनामुलक कार्यक्रम संचालनमा सहजीकरण<br>● विपद्को समयमा खानेपानी, सरसफाई र स्वच्छता सम्बन्धी सचेतना र सामग्री वितरणमा सहयोग गर्ने<br>● सफा र स्वच्छ आनीबानी प्रदर्शन गरी नमूनाका रुपमा प्रस्तुत हुनुपर्ने<br>● अनुगमन र सहजीकरण गर्न सहयोग पुऱ्याउने |
| ९ | शिक्षक, विद्यालय व्यवस्थापन समिति र अभिभावक शिक्षक | ● जीवन उपयोगी ज्ञान, सीप, अभ्यास र सचेतना विस्तार गर्ने |

| | | |
|---|---|---|
| | संघ | ● विद्यार्थी, विद्यालय परिवार र समुदायको सशक्तिकरण सक्रियता वृद्धि गेर्न<br><br>● अभिमुखीकरण र तालिम सञ्चालन गर्ने<br><br>● अवस्था विश्लेषण, सचेतनामूलक कायक्रम संचालनमा सहजीकरण गर्ने<br><br>● विपद्को समयमा खानेपानी, सरसफाइ र स्वच्छता सम्बन्धी सचेतना र सामग्री वितरवणमा सहयोग पुऱ्याउने<br><br>● अनुगमन र सहजीकरण गर्न सहयोग पुऱ्याउने<br><br>● सफा र स्वच्छ विद्यालय प्रवर्द्धन गरी नमूनाको रुपमा प्रस्तुत हुने |

| | | |
|---|---|---|
| १० | विद्यार्थी, बाल क्लव | ● विद्यालय सेवा क्षेत्रभित्र सरसफाई क्यालेन्डर बनाइ कार्यक्रम संचालन गर्ने<br>● सरसफाईका सुविधाहरु एवं कक्षा कोठा र वरिपरिको वातावरणीय सरसफाई गर्ने<br>● तथ्यांक संकलन, सचेतनामूलक कार्यक्रम संचालनमा सहभागी हुने<br>● अभिभावकहरुलाई सरसफाई प्रर्वद्धन गर्न अभिप्रेरित गर्ने<br>● अनुगमन र सहजीकरण गर्न सहयोग पुऱ्याउने<br>● सफा र स्वच्छ विद्यालय प्रवर्द्धन गरी नमूनाको रुपमा प्रस्तुत हुने |
| ११ | स्थानीय क्कब र | ● प्राविधिक ज्ञान, सीप र |

| | | |
|---|---|---|
| | समूह | सचेतना विस्तार गर्ने ।<br>● सामुदायिक सशक्तिकरण र सक्रियता वृद्धि गर्न सहयोग पुऱ्याउने<br>● अभिमुखीकरण र तालिम गर्न सहयोग पुऱ्याउने<br>● अवस्था विश्लेषण, तथ्यांक संकलन गर्न सहयोग पुऱ्याउने<br>● सचेतनामूलक कार्यक्रम संचालनमा सहजीकरण गर्न सहयोग पुऱ्याउने<br>● विपद्को समयमा खानेपानी, सरसफाई रस्वच्छता सम्बन्धी सचेनता र समाग्री वितरणमा सहयोग पुऱ्याउने<br>● अनुगमन र सहजीकरण गर्न सहयोग पुऱ्याउने |
| १२ | वित्तीय संस्था तथा | ● सरसफाई समाग्री उत्पादन तथा |

| | | |
|---|---|---|
| | सहकारी | बजारीकरणमा सहयोग र लगानी गर्ने<br>● सहुलियत व्याज दरमा ऋृण प्रदान गर्ने<br>● सामाग्रीहरुको बजारीकरण र वितरण गर्ने |
| १३ | संचारकर्मी तथा नागरिक समाज | ● सन्देशमूलक सामाग्रीहरु प्रचारप्रसार गर्ने<br>● अध्ययन, अवलोकन र सफल कथाहरुको प्रचारप्रसार गर्ने<br>● अनुगमन र पैरवी गर्ने |
| १४ | निजी क्षेत्रका व्यवसायी र मठ मन्दिर संचालक आदि | ● सरसफाई सामाग्री उत्पादन तथा बजारीकरणमा सहयोग र लगानी गर्ने<br>● फोहोरमैलाको वर्गीकरण र व्यवस्थापन गर्ने<br>● कार्यस्थल र सेवाको |

| | | |
|---|---|---|
| | | सरसफाई र स्वच्छता कायम गर्ने<br>● सरसफाई तथा स्वच्छता अभियानमा कर्मचारी, संगठन र निकायहरुलाई परिचालन गर्ने |

**ख) नीति निर्माण तथा समन्वय तह :**

| क्र. सं. | सरोकारवालाहरु | कार्यक्षेत्र |
|---|---|---|
| १ | गाउँपालिका र वडा | क्षेत्रगत सरोकारवालाहरुका समन्वय तथा स्रोत साधन पहिचान गर्ने सरसफाईका मुद्धाहरुलाई स्थानीय, प्रदेश, राष्ट्रिय र अन्तराष्ट्रिय तहमा पैरवी गर्ने रणनीतिक योजना तथा कर्यायोजना तर्जुमा गर्न सहयोग र कार्यान्वयन गर्ने बजेट तथा मानव संसाधन व्यवस्थापन गर्न सहयोग पुऱ्याउने नेतृत्व, उसमन्वय र सूचना तथा अभिलेख व्यवस्थापन गर्ने अनुगमन, नियमन र सुपरिवेक्षण गर्ने |
| २ | प्रदेश तथा जिल्ला तहका | नीति र रणनीति र योजना तर्जुमा र कार्यान्वयन गर्ने बजेट तथा मानव संसाधन व्यवस्थापन गर्ने समन्वय र सूचना तथा अभिलेख व्यवस्थापन गर्ने |

| | | |
|---|---|---|
| | कार्यालयहरु | अनुमान, नियमन र सुपरिवेक्षण गर्ने |
| ३ | विकास साझेदार संस्था | • क्षेत्रगत नीति तथा कार्यक्र कार्यान्वयनमा गाउँपालिका र वडा र समन्वय समितिलाई प्राविधिक तथा आर्थिक सहयोग गर्ने अनुसन्धान र विकास कार्यहरु संचालन गर्ने |
| ४ | राजनीतिक दल र दलका भातृ संगठनहरु | • सरसफाईलाई गाउँ विकासको महत्वपूर्ण मुलधारका रुपमा स्थापित गर्ने सरसफाईका लागि अभियान र मानवीय श्रोतको परिचालन गर्ने । |

## अनुसूची-४

## खानेपानी, सरसफाई र स्वच्छताका अर्न्तनिहित विषयहरु

पूर्ण सरसफाईका अर्न्तनिहित विषयहरु र सम्बोधन गर्ने उपायहरु तलको तालिकामा उल्लेख गरिएका छन् ।

| **क्र.सं.** | **अन्तर सम्बन्धित विषयहरु** | **सम्बोधन गर्ने उपायहरु** |
|---|---|---|
| १ | समाजिक समावेशीकरण | • हरेक तहका समन्वय समिति तथा कार्यदलहरुमा समुदायका सबै वर्ग र समूहको प्रतिनिधित्व सहित कम्तिमा पनि ३३% महिलाको |

| | | |
|---|---|---|
| | | सहभागिता सुनिश्चित गर्ने<br>• लैंगिक तथा समाजिक वर्ग, समूहका संवेदनशील तथ्यांक तैयारी गर्ने ।<br>• क्षमता अभिवृद्धिका क्रियाकलाप संचालन गर्दा अनिवार्यता: लैंगिक सन्तुलन कायम गरी सहभागीहरुको चयन गर्ने ।<br>• पूर्ण सरसफाई जनचेनतामूलक सामाग्री विकास गर्दा लैंगिक पक्ष र समावेशितामा ध्यान दिने ।<br>• लैंगिक, अपांग, बाल, बृद्ध सम्वेदनशील सुविधाहरु प्रवर्द्धन गर्ने ।<br>• आयआर्जन र जीविकोपार्जनमुखी सरसफाईका क्रियाकलापहरु प्रवर्द्धन गेर्न । |
| २ | पोषण (जन-स्वास्थ्यको कार्यक्रमहरुसँग बढी सम्बन्धित) | • सरसफाई र पोषणको अन्तरसम्बन्ध झल्किने गरी शैक्षिक एवं जनचेतनामूलक सामाग्री विकास तथा प्रचार |

| | | |
|---|---|---|
| | | प्रसार गर्ने ।<br>• गरिबी निवारण सर पोषणसँग सम्बन्धित कार्यक्रम संचालन गर्दा चर्पी निर्माण र प्रयोग एवं साबुन पानीले हात धुने क्रियाकलापको सुनिश्चिता गर्ने<br>• सुरक्षित मातृत्व र स्तनपान सम्बन्धी जनचेतनामूलक क्रियाकलापहरु संचालन गर्दा चर्पी प्रयोग र सावुन पानीले हात धुने क्रियाकलापहरुलाई प्राथमिकता दिने<br>• स्वास्थ्य मन्त्रालयद्धारा संचालित एकीकृत पोषण व्यवस्थापन कार्यक्रमसँग खनोपानी, सरसफाई र स्वच्छता सम्बन्धी क्रियाकलाप तथा सुविधाहरु प्रवर्द्धन गर्ने । |
| ३ | मासिक धर्म स्वच्छता ( महिनावारी स्वच्छता , जनस्वास्थ्य र शिक्षासँग प्रत्यक्ष सम्बन्धित) | • विद्यालय, सार्वजनिक भवन र सरकारी तथा गै.स.स. कार्यालहरुमा अनिवार्यतः चर्पीको साथमा महिनावारीसंग सम्बन्धित पक्षहरु (जस्तै |

| | | |
|---|---|---|
| | | स्यानिटरी प्याड लगायत सफाई सम्बन्धी अन्य सामग्रीहरु सफा गर्ने, फेर्ने फ्याल्न र जलाउन मिल्ने सुविधाहरु) समेतको व्यवस्था गर्ने ।<br>• सरसफाई सम्बन्धी विद्यालय र समुदाय स्तरीय क्रियाकलापहरु संचालन गर्दा महिनावारी स्वच्छताका विषयहरु समावेश गर्ने ।<br>• सरसफाईसम्बन्धी विद्यालय र समुदाय स्तरीय क्रियाकलापहरु संचालन गर्दा महिनावारी स्वच्छताका विषयहरु समावेश गर्ने ।<br>• महिनावारी स्वच्छता व्यवस्थापनका लागि जनचेतनामूलक सामाग्री, स्यानीटरी प्याडको निर्माण, विकास तथा प्रचारप्रसार गर्ने । |
| ४ | जलवायु परिवर्तन ( वातावरण, विज्ञान र | • जलवायु परिवर्तन सम्बन्धी क्षेत्रगत कार्य समूह स्थापना |

| | | |
|---|---|---|
| | प्रविधि, अनुसन्धान, जलश्रोत, जनस्वास्थ्य आदिसँग बढी सम्बन्धित | गर्ने । <br>• जलवायु परिवर्तनले खनोपानी तथा सरसफाई क्षेत्रमा परेको असरहरुको वैज्ञानिकक तथ्यहरु व्यस्थि तगर्न त्यसका आधारमा सुधारका योजनाहरु तर्जुमा गर्ने । <br>• विद्यालय तथा विश्व विद्यालय तहका पाठ्यपुस्तकहरुमा जलवायु परिवर्तन सम्बन्धी विषयहरु समावेश गर्ने । <br>• वर्षात्को पानी संकलन तथा स्थानीय स्तरमा उपयुक्त हुने अन्य प्रविधिको विस्तार गरी जलवायु परिवर्तनको जोखिम न्यूनिकरण गर्ने । <br>• जलवायु परिवर्तनका कारक तत्व मानिएका घरायसी र सामुदायिक तहमा प्रयोग भई रहेका सामग्रीहरुको न्यून रुपमा प्रयोग गर्न जनचेतनामूलक क्रियाकलाप संचालन गर्ने । |

| | | |
|---|---|---|
| | | • जलवायु परिवर्तनको सवाललाई खानेपानी संस्थाको नीतिभित्र समावेश गर्न दिर्घकालीन र दिगो व्यवस्थापनको कार्यक्रम संचालन गर्ने ।<br>• अनुगमनका क्षेत्रगत सूचकहरु तयार गर्दा जलवायु परिवर्तनका सवाल/मद्दाहरु समावेश गर्ने ।<br>• जलवायु परिवर्तनको असर न्यूनिकरणसँग सान्दर्भिक पद्धति, प्रविधि, मौलकि ज्ञान तथा सीप, क्षमता अभिवृद्धि, सूचना प्रणाली, वैकल्पिक उपायहरु आदि सम्बन्धी विषयहरुमा अनुसन्धान र विकास गर्ने |
| ५ | आपत्कालीन पूर्वा तयारी (गृह मन्त्रालय, सहरी विकास मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, खानेपानी तथा सरसफाई मन्त्रालय, आवाससँग | • आपत्कालीन अवस्थामा जोखिम आँकलन र खानेपानी, सरसफाई, तथा स्वच्छता क्षेत्रले विपद् व्यवस्थापनमा वहन गर्नु पर्ने जिम्मेवारी निर्वाह गर्ने विभिन्न तहका समन्वय समितिहरुको क्षमता र सीप |

| | | |
|---|---|---|
| | सम्बन्धित) | अभिवृद्धि गर्ने<br>• विभिन्न क्लस्टरसँग वास क्लस्टरको समन्वय गर्ने<br>• जोखिमको नक्सांकन गर्ने<br>• आपत्कालीन सरसफाई कोष स्थापना गर्ने ।<br>• क्लोरिन र औषधीको भण्डारण मजबुत राख्ने ।<br>• पानीको गुणस्तर जाँच्ने विधि-औजार/उपकरणको व्यवस्था गर्ने<br>• विपद्को अवस्थामा खानेपानी सरसफाई तथा स्वच्छताका निमित्त तालिम प्राप्त सहजकर्ता/स्वयंसेवकहरु परिचालन गर्ने<br>• मानवीय सहयोगको लागि क्षमता अभिवृद्धि गर्ने र भाविष्यमा हुन सक्ने विपद्को लागि तालिम प्राप्त मावन संसाधन तयारी अवस्थामा राख्ने । |

| | | |
|---|---|---|
| | | • आपत्कालीन अवस्थाको लागि शीघ्र रेस्पोन्स पद्धतिको विकास र अवलम्बन गर्ने ।<br>• हरेक जिल्लामा जगेडा कोष व्यवस्थापन गर्ने ।<br>• स्वयंसेवकको व्यापक परिचालन गर्ने ।<br>• सूचना व्यस्थापन सुदृढ गर्ने ।<br>• विपद्को बेला साबुन पानीले हात धुने, सफा पानी, सुविधाको उचित मर्मत सम्भार र ठोस र तरल फोहोरमैला व्यवस्थापनमा ध्यान दिने ।<br>• हरके तहका समन्वय समितिहरुलाई बजेट व्यवस्थापन, समन्वय, मानव संसाधन परिचालन, कोष व्यस्थापन, सूचना व्यवस्थापन र अनुगमनका कार्यमा जिम्मेवार बनाउने । |

| | | |
|---|---|---|
| ६ | बानी व्यहोरा विकास तथा परिवर्तन | • मौजुदा सरसफाई र स्वच्छता सम्बन्धी बानी व्यहोराको विश्लेषण गर्ने ।<br>• लक्षित समूहको लेखाजोख र सक्षमता अभिवृद्धि गर्ने ।<br>• अपेक्षित बानी व्यहोराको पहिचान गर्ने ।<br>• बानी व्यहोरा विकास तथा परिवर्तनमा बाधा पुऱ्याउने र सहयोग गर्ने पक्षहरुको खोजी गर्ने ।<br>• लक्षित समूहले रुचाउने सन्देश पहिचान गर्ने ।<br>• सामाग्री र माध्यमहरुको चयन गर्ने<br>• संचार तथा तालिम आवश्कता पहिचान गर्ने<br>• प्रमाणका आधारित पैरवी तथा संचार प्याकेजहरुको प्रयोग गर्ने,<br>• अपेक्षित बानी व्यहोरा हासिल |

| | | |
|---|---|---|
| | | हुन सके नसकेको अनुगमन र मूल्यांकन गर्ने । |

## अनुसूची-५
## अनुगमनका सुचकहरु र प्रमाणीकरण गर्ने आधारहरु

| **सूचकहरु** | **प्रमाणित गर्ने आधार र औजार** |
|---|---|
| **१. सफा र स्वच्छ क्षेत्र** | |
| **योजना तर्जुमा र व्यवस्थापन** | |
| • समन्वय समिति सक्रिय रहेको,<br>• WASH Plan तर्जुमा भएको,<br>• क्षमता विकासको लागि तालिमहरु सञ्चालन गरिएको, | • समन्वय समितिको बैठक नियमित बस्छ, बस्दैन सोध्ने,<br>• बैठकको माइन्यूट अवलोकन गर्ने<br>• WASH Plan तर्जुमा भए नभएको सोध्ने र एकीन गरी अवलोकन गर्ने |

| | |
|---|---|
| | • तालिमहरु सञ्चालन भए नभएको सोध्ने र तालिम प्रतिवेदन हेर्ने |
| समुचित तरिकाले चर्पीको प्रयोग | |
| • प्रत्येक घरधुरी, संघसंस्था र आवश्यकता अनुसार सार्वजनिक स्थानहरुमा चर्पी निर्माण भइ प्रयोग भएको,<br>• साबुन पानी सहितको सुरक्षित, सफा चर्पी भएको,<br>• खुला ठाँउमा दिसा नभेटिएको,<br>• संघ संस्थाका र सार्वजनिक शौचालय प्रयोगकर्तामैत्री भएको, | • घर, संघसस्था निकाय र आवश्यकता अनुसार सार्वजनिक शौचालय बने नबनेको स्यामिलिङ्गका आधारमा अवलोकन तथा सोधपुछ गर्ने<br>• चर्पी साबुन पानी सहित सफा छ छैन अवलोकन गर्ने<br>• संघ संस्था एवं |

| | |
|---|---|
| | सार्वजनिक शौचालय प्रयोगकर्ता मैत्री छन् छैनन् अवलोकन गर्ने |
| **व्यक्तिगत सरसफाई** | |
| • पत्येक घरले उपयुक्त स्थानमा साबुन पानी सहितको हात धुने स्थान बनाएको ,<br><br>• घर, विद्यालय संघसंस्था र सार्वजनिक शौचालयहरुमा साबुन पानीले हात धुने सुविधा (स्थान र साबुन पानी) भएको,<br><br>• घर, विद्यालय, स्वास्थ्य, कार्यालयहरुमा साबुन पानीले हात धुने महिलाको मासिक धर्म व्यवस्थापन लगायतका व्यक्तिगत सरसफाइ सम्बन्धी ज्ञान र | • घर, व्यक्ति, संघसस्थाका व्यक्तिहरुको स्वच्छता अवलोकन गर्ने तथा ज्ञान सम्बन्धी सोधपुछ गर्ने<br><br>• साबुन पानी सहितको हातधुने स्थान छ छैन अवलोकन गर्ने । |

| | |
|---|---|
| अभ्यास भएको,<br><br>• व्यक्तिगत सरसफाईमा ध्यान पुराएको ( समदायका सदस्य, विद्यालयका विद्यार्थी/शिक्षक/कर्मचारी, होटेल र रेष्टुराका कर्मचारी/व्यवस्थापक समेत) | |
| सुरक्षित पानीमा पहुँच तथा प्रयोग | |
| • आधारभूत स्तरको खानेपानीमा सबैको पहुँच भएको,<br><br>• खानेपानी प्रणालीबाट सुर्रक्षित खानेपानी उपलब्ध नभएको अवस्थामा घरायसी, विद्यालय, संघसंस्थामा पानी शुद्धीकरणका कुनै एक विधिको प्रयोग गरेर मात्र पानी पिउने | • खानेपानीको पहुँच पुगेको छ छैन सोधपुछ गर्ने तथा अवलोकन गर्ने ।<br><br>• घर, संघसंस्था, विद्यालयमा घरायसी खानेपानी शुद्धीकरणका विधिहरु : उमालेर, क्लोरिन, |

| | |
|---|---|
| गरेको,<br>• घरायसी पानी शुद्धिकरणका आवश्यक सामग्रीहरु स्थानीय बजारमा उपलब्ध भएको | फिल्टर, सोडिस विधिहरु मध्ये कुनै एक विधि अवलम्बन गरी खानेपानीको प्रयोग गरिएको छ, छैन, अवलोकन गर्ने, अभ्यासका सम्बन्धमा सोधपुछ गर्ने,<br>• खानेपानी राख्ने, भाँडा सफा छ छैन, पानी छोपेर राखेको छ छैन अवलोकन गर्ने |
| खाना प्रयोग सम्बन्धी व्यवहार | |
| • घरको भान्सा, होटेल, क्यान्टिन तथा रेस्टुरा सफा रहेको र बासी तथा सडेगलेको खाना नखाने/नबेच्ने गरेको<br>• खाना पकाउने र खाने | • खाना पकाउने, खाने भाँडा सफा छ छैन अवलोकन गर्ने, सोध्ने<br>• खाना सफा छ छैन क्यान्टिन, |

| | |
|---|---|
| भाँडा सफा हुनुका साथै खानेकुरा र पिउने पानी छोपेर राखेको,<br>• फलफूल तथा खानेकुराहरु राम्रोसँग सफा गरेर एवं पकाएर, तताएर खाने, खुवाउने गरको,<br>• सुरक्षित खानाको अनुगमनका लागि कार्यदल गठन गरी कम्तीमा चौमासिक रुपमाा अनुगमन हुने गरेको, | होस्टेलका विद्यार्थी र होटल र रेस्टुराका ग्राहकलाई एवं परिवारका सदस्यलाई सोध्ने<br>• होटेल, क्यान्टिन, रेस्टुरा लगायतको खानाको शुद्धता अवलोकन गर्ने टिम सक्रिय छ छैन सोध्ने, अनुगमन प्रतिवेदन अवलोकन गर्ने । |
| **घर विद्यालय संघ संस्था, सरसफाई** | |
| • घर, विद्यालय, संघ संस्था भित्र तथा बाहिर सफा रहेको,<br>• विद्यालय, सघंसंस्था र सार्वजनिक शौचालयहरुमा | • घर, विद्यालय एवं संघसस्थाको भित्र बाहिर सरसफाई अवलोकन गर्ने<br>• फोहोरको वर्गीकरण एवं पुन प्रयोग |

| | |
|---|---|
| महिनावारीमा प्रयोग गरिएका स्यानीटरी प्याड वा अन्य साधनहरुको सफाइ एवं विसर्जन गर्ने वैज्ञानिक व्यवस्था भएको ,<br>• घर आँगन एवं विद्यालय, संघ संस्थाबाट निस्कने फोहोरलाई वर्गीकरण गरी कुहिने र नकुहिने फोहोरको समुचित व्यवस्थापन गरेको । घर एवं विद्यालय, संघ संस्थाबाट निस्कने फोहोरपानीको सुरक्षित निस्कासन भएको<br>• अस्पताल, उद्योग, कलकारखानाबाट निस्केको फोहोको सुरक्षित संकलन, निस्कासन तथा विसर्जन सोही संस्थाले गर्ने गरेको, | गरेको छ छैन अवलोकन गर्ने<br>• घरायसी तहमा भाडा माझ्ने जुठ्यान, भाँडा सुकाउने च्याङ्ग, कपडा सुकाउने डोरी छ छैन अवलोकन गर्ने ।<br>• घर एवं विद्यालय, संघ संस्थाबाट निस्कने फोहोरपानीको निस्कासन स्थल अवलोकन गर्ने<br>• अस्पताल, उद्योग, कलकारखानाको अवलोकर्ना गर्ने<br>• भान्सा कोठा सफा छ छैन, धुँवा रहित चुल्हो प्रयोगमा छ छैन सोध्ने र |

| | |
|---|---|
| • उपयुक्त तरिकाले पशुपंक्षीको गोठ तथा खोर र मलमूत्र व्यवस्थापन गर्ने गरेको,<br><br>• भान्सा कोठामा हावा ओहोरदोहोर हुने उचित व्यवस्था तथा धुँवा रहित चुल्होको प्रयोग भएको | अवलोकन गर्ने<br><br>• गाई बस्तुको गोठ, खोर, व्यस्थापन अवलोकन गर्ने |
| **वातावरणीय सरसफाई** | |
| • गाउँ, टोल, नगर एवं सडक, चौतारा आदि सार्वजनिक स्थानहरुमा सफाइको लागि सरसफाई समिति गठन भएको,<br><br>• घरायसी एवं संस्थागत तहमा ठोस तथा तरल फोहोर मानव मलमुत्रको व्यवस्थापनको हकमा व्यवस्थित सेफ्टीक ट्यांकीमा जोडिएको | • ठोस तथा तरल फोहोर व्यवस्थापनको अवाश्यकता अनुसार स्थानीय प्रविधि संचालनमा छ छैन आवलोकन गर्ने<br><br>• गाउँ र गाउँउन्मुख क्षेत्रमा ठोस फोहोरमैलाको व्यवस्थाको लागि |

| | |
|---|---|
| पक्की वाटरसील चर्पी लगायत अन्य उपयुक्त प्रविधिको प्रयोग भएको<br>• गाउँ उन्मुख क्षेत्रमा ठोस फोहोरमैलाको व्यवस्थापनको लागि स्यानिटरी ल्याण्डफिल्ड साइटको पहिचान गरी निर्माण योजना तर्जुमा भएको,<br>• गाउँ र गाउँ उन्मुख क्षेत्रमा बधशालाहरुको निर्माण, बधशालाको सरसफाई र त्यसबाट निस्कने फोहोरको व्यवस्थापनमा जोड | योजना तर्जुमा भएको छ छैन सोध्ने र अवलोकन गर्ने ।<br>• ढल प्रणालीको योजना अवलोकन गर्ने<br>• बधशाला सफा र स्वच्छ रहेको ।<br>• खानेपानी, सरसफाइ र स्वच्छताका सुविधाहरुमा सबैको पहुँच पुगेको छ छैन राम्ररी संचालनमा रहेका छन छैन अवलोकन गर्ने, सोध्ने<br>• प्रशोधन सहितको व्यवस्थित ढल निर्माण भएको छ छैन, संचालनमा |

| | |
|---|---|
| | छ छैन अवलोकन गर्ने<br>• स्यानिटरी ल्याण्ड फिल्ड साइटको व्यवस्थित संचालनमा भएको छ छैन अवलोकन गर्ने<br>• नदीनाला, पोखरी, ताल तलैया तथा पानीको श्रोतको पानीको प्राकृतिक गुणस्तर कायम रहेको छ छैन अवलोकन तथा परीक्षण गर्ने<br>• बस्ती, टोल वरपर यथोचित हरियाली र पार्क निर्माण भएको छ छैन अवलोकन गर्ने ।<br>• ठोस तथा तरल |

| | |
|---|---|
| | फोहोरको प्रशोधन पश्चात पुन प्रयोग भएको छ छैन सोध्ने र सोको प्रयोगको अवलोकन गर्ने |
| **२. पूर्ण सरसफाई उन्मुख क्षेत्र** | |
| सूचकहरु | प्रमाणीकरणका आधार तथा औजार |
| • प्रयोगकर्ता-मैत्री गुणस्तरीय चर्पी निर्माण भएको,<br>• नेपाल गुणस्तर मापदण्ड अनुसारको पिउने पानीमा सबैको पहुँच भएको,<br>• ग्रामीण तथा छरिएका वस्तीमा मानव मलमुत्रको व्यवस्थापनको हकमा व्यवस्थित सेप्टीक | • खानेपानी, सरसफाइ र स्वच्छताका सुविधाहरुमा सवैको पहुँच पुगेको छ छैन राम्ररी संचालनमा रहेको छ छैन अवलोकन गर्ने सोध्ने<br>• प्रशोधन सहितको व्यवस्थित ढल निर्माण भएको छ |

| | |
|---|---|
| ट्यांकीमा जोडिएको पक्की वाटरसील चर्पी लगायत अन्य उपयुक्त प्रविधिको प्रयोग भएको<br>• गाउँ र गाउँउन्मुक क्षेत्रमा प्रशोधन सहितको व्यवस्थित ढल निर्माण भएको<br>• ठोस फोहोरमैलाको व्यवस्थापनका लागि आवशयकता अनुसार स्यानिटरी ल्याण्ड फिल्ड साइडको निर्माण गरी संचालनमा रहेको<br>• गाउँ र गाउँ उन्मुख क्षेत्रमा सम्भव भए सम्म फोहोरमैलाको कम उत्पादन, पनुः प्रयोग र रिसाइकल गर्ने व्यवस्था भएको,<br>• आकासेपानी संकलन र उपयोग गरेको, | छैन, संचालनमा छ छैन अवलोकन गर्ने<br>• स्यानिटरी ल्याण्ड फिल्ड साइटको व्यवस्थित संचालनमा भएको छ तैन अवलोकन गर्ने<br>• नदीनाला, पोखरी, ताल तलैया तथा पानीको श्रोतको प्राकृतिक गुणस्तर कायम रहेको छ छैन अवलोकन तथा परीक्षण गर्ने<br>• बस्ती, टोल वरपर यथोचित हरियाली र पार्क निर्माण भएको छ छैन अवलोकन गर्ने ।<br>• ठोस तथा तरल |

| | |
|---|---|
| • नदीनाला, पोखरी, ताल तलैयाको पानीको प्राकृतिक गुणस्तर कायम राखेको,<br>• बस्ती, टोल वरपर यथोचित हरियाली र पार्क निर्माण भएको। | फोहोरको प्रशोधन पश्चात पुन प्रयोग भएको छ छैन सोध्ने र सोको प्रयोगको अवलोकन गर्ने |

## अनुसूची-६
## खानेपानी, सरसफाई र स्वच्छता योजनामा समावेश गर्नुपर्ने न्यूनतम विषयहरु :

१. पृष्ठभूमि:
२. स्थान परिचय:
३. वर्तमान अवस्था (खानेपानी, सरसफाई र स्वच्छता):
४. लक्ष्य निर्धारण (खानेपानी, सरसफाई र स्वच्छता):
५. कार्य प्रक्रिया:
६. अवसर चुनौतीहरुको विश्लेषण:
७. क्रियाकलापहरु:
८. कार्ययोजना:
९. लागत अनुमान:
१०. सरोकारवालाहरुको पहिचान, नक्सांकन र योगदानको विश्लेषण:
११. अनुगमन तथा मूल्यांकन:
१२. आवश्यक नक्साहरु:

# अनुसूची-७

## क्षमता विकासको लागि अवश्यक न्यूनतम क्रियाकलापहरु

१. अभिमुखीकरण गोष्ठीहरु, राष्ट्रिय, क्षेत्रीय, जिल्ला, गा.पा. वा न. पा. स्तरीय

२. प्रशिक्षक प्रशिक्षण तालिमहरु राष्ट्रिय, क्षेत्रीय, जिल्ला, गा.पा वा न.पा स्तरीय

३. सञ्चारकर्मीहरुको लागि अभिमुखिकरण

४. यातायात मजदुरहरुको लागि अभिमुखिकरण

५. सफाइ मजदुरहरुको लागि अभिमुखिकरण

६. होटेल, रेस्टुरा, खाजा पसल, क्यान्टिनका व्यवस्थापक र कर्मचारीहरुलाई अभिमुखीकरण

७. निजी क्षेत्रका, उद्यमी व्यवसायी, प्रवर्द्धकहरुलाई अभिमुखीकरण

८. शिक्षक तथा शिक्षिकाहरुकोलागि अभिमुखीकरण

९. खानेपानी तथा सरसफाई उपभोक्ता समिति, सहकारी आदिको लागि अभिमुखीकरण

## अनुसूची-८

## सफा र स्वच्छ क्षेत्र घोषणा र पूर्ण सरसफाई उन्मुख क्षेत्र घोषणा पश्चात घर, स्थानीय निकायका कार्यालय, संस्था-वडा मा टाँसिने स्टीकरको नमूना :

क) सफा र स्वच्छ क्षेत्र घोषणा गरे पश्चात चाँदी/निलो रङ्गको घरको अग्रभागको छानो माथि नेपालको राष्ट्रिय झण्डा र घरको छानाको दुवै किनारामा तारा र घरको अग्रभागमा पानीको धाराको टुटी, साबुन पानीले हात धुने स्थान, प्यान र फोहोर फ्याक्ने खाडलको नमूना आदि राखी घरमा टाँस्ने स्टीकरको नमूना हुने छ।

ख) पूर्ण सरसफाई उन्मुख क्षेत्र घोषणा गरे पश्चात सुनौला/हरियो रङ्गको घरको अग्रभागको छानो माथि नेपालको राष्ट्रिय झण्डा र घरको छानाको किनारामा तारा र घरको अग्रभागमा पानीको धाराको टुटी, साबुन पानीले हात धुने स्थान, प्यान र फोहोर फ्याक्ने खाडलको सहितको घरमा टाँस्ने स्टीकरको नमूना हुनेछ।

माथि क र ख दुवैमा उल्लेखित विवरणमा आधारित रहेर स्टीकरको नमूनाको डिजाइन तयार पारिनेछ।

प्रमाणीकरण मिति २०७९।०३।११

<u>आज्ञाले</u>

गणेशमान सिंह

निमित्त प्रमुख प्रशासकीय अधिकृत